आज मिति २०८०।०७।१७ गते शुक्रबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.ब. २०८०/०८१ को छैटौं बैठक तपसिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री सुभाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गाराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>-९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री सत्यनारायण हुजदार - सूचना अधिकारी - ९८५२८४४०७३

प्रस्तावहरू:

१) अघिल्ला कार्यपालिका बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समिक्षा सम्वन्धमा ।

२) नगर सभाबाट स्वीकृत चालु आर्थिक वर्ष २०८०।०८१ का वार्षिक विकास कर्यक्रमहरुको कार्यान्वयन गर्ने सम्बन्धमा ।

३) लघु उद्यम विकास कार्य्रकमको लागि विनियोजित बजेटको कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।

४) बेल्टार व्याडमिन्टन क्लवको माग सम्बन्धी प्रस्ताव सम्बन्धमा ।

५) आर्थिक सहायता माग सम्बन्धमा ।

६) स्थानीय सुरक्षा निकायलाई ईन्धन उपलब्ध गराउने सम्बन्धमा ।

७) नगरपालिका कार्यालयमा सोलार व्याक अप जडान गर्ने सम्बन्धमा ।

८) विपन्न नागरिक स्वास्थ्य उपचार आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

९) GESI अडिटको लागि मिति तय गर्ने सम्बन्धमा ।

१०) यस नगरपालिको कृषि विकास रणनीति स्वीकृत गर्ने सम्बन्धमा ।

११) विविध सम्बन्धमा ।

- शववाहनमा खटिने चालक र सहयोगी कर्मचारीलाई अतिरिक्त भत्ता उपलब्ध गराउने सम्बन्धमा ।
- हात्तीले पुऱ्याएको क्षेति आगलागि पीडित र चटयाङ्ग लागेका परिवारलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।
- जितिया लगायतका पर्व तथा पुजा खर्च माग सम्बन्धमा ।
- वडा न ५ ९ र १० मा स्थानीय नागरिकको उपचारमा चिकित्सक पठाउने सम्बन्धमा।
- आधारभुत नगर अस्पतालको वार्षिक वजेट स्वीकृती र अनुमोदन सम्बन्धमा।
- आधारभुत नगर अस्पतालमा कार्यरत कर्मचारीहरुलाई पारिश्रमिक भुक्तानी गर्ने सम्वन्धमा ।
- वडा न ४ वसाहमा वंगुर अनुसन्धान केन्द्र स्थापना गर्ने सम्वन्धमा ।
- हडिया वजार फोहोर मैला सरसफाई व्यवस्थापन सम्बन्धमा
- २०७९ सालमा माध्यामिक शिक्षा परिक्षा (SEE) मा उत्कृष्ट जि. पि. ए. ल्याउने विद्यार्थीलाई पुरस्कार रकम भुक्तानी सम्वन्धमा ।
- ILR Refrigerator को भुक्तानि सम्बन्धमा ।

CamScanner

- बजार व्यवस्थापनको लागि विनियोजित बजेटको कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।
- त्रियुगा खोलामा होम पाईप लगाई अस्थायी बाटो निर्माण सम्बन्धमा ।

निर्णयहरू:

१.नगर कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भई सकेका, केही निर्णयहरु कार्यान्वयन भईरहेका र बाँकी निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेका हुँदा यस कार्यमा नगर कार्यपालिकाका सबै सदस्यहरुले आवश्यक सहयोग, सहकार्य र अनुगमन गर्ने सर्वसम्मत निर्णय गरियो।

२. यस नगरपालिकामा चालु आर्थिक वर्ष २०८०।०८१ का लागि नगरसभाबाट स्वीकृत वार्षिक विकास योजना तथा कार्यक्रमहरु मध्ये वडाहरुमा उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनाहरु २०८० मंसिर महिनाभित्र संझौता गरी कार्यान्वयनमा लैजाने ।उपभोक्ता समिति गठन गर्दा कम्तिमा ३० प्रतिशत आयोजना कार्यक्रममा महिला, दलित र अपाङ्गता भएका व्यक्तिहरुबाट उपभोक्ता समितिको अध्यक्ष छनौट गर्ने सर्वसम्मत निर्णय गरियो।

३. यस वर्षका लागि लघु विकास कार्यक्रमका लागि विनियोजित बजेटलाई शाखाबाट प्रस्ताव भए अनुसार तपसिल अनुसार बाँडफाँड गरी सोही अनुसार कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र.स. | क्रियाकालापहरु | बजेट प्रतिशतको दायरा | छुट्याईएको बजेट | कुल बजेट | कैफियत |
|---|---|---|---|---|---|
| | नयाँ लघु उद्यमी सृजना तर्फ | | | | |
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन | २ % | ११,०००। | ५,५०,०००। | |
| २ | उद्यमशिलता विकास तालिम ( आफ्नो व्यवसाय शुरु तथा सुधार गर्नु होस ) | ११% | ६०,५००। | ,, | |
| ३ | प्राविधिक शिप विकास तालिम | ३६% | १,९८,०००। | ,, | |
| ४ | प्रविधि हस्तान्तरण | १८% | ९९,०००। | ,, | |
| ५ | वित्तीय पहुँच | ३% | १६,५००। | ,, | |
| ६. | वजारीकरणमा सहयोग | ५% | २७,५००। | ,, | |
| ७ | उद्यम विकास सहजकर्ता परिचालन(१,३७,५००।) | २५% | | | |
| क) | संचार खर्च | | १२०००। | | |
| ख) | ईन्धन खर्च | | ३००००। | | |
| ग.) | पोशाक भत्ता | | २००००। | | |
| घ) | विविध वैठक भत्ता अनुगमन खर्च | | ४०,०००। | | |
| ङ) | गाडी मर्मत सम्हार | | ३००००। | | |
| च) | दैनिक भ्रमण भत्ता | | ५५००। | | |
| | कुल जम्मा | | | ५,५०,०००। | |

CamScanner

४. बेल्टार व्याडमिन्टन क्लवले यस वर्षका विभिन्न चाडपर्वहरुको अवसरमा शुभकामना अदानप्रदान सहित जिल्ला स्तरीय खुल्ला व्याडमिन्टन प्रतियोगिता सञ्चालनको लागि आर्थिक सहयोग माग गरेको हुँदा उक्त व्याडमिन्टन प्रतियोगिता सञ्चालनको लागि चालु तर्फको कार्यक्रम खर्च शीर्षकबाट रु१,००,०००। रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

५. विभिन्न संघ, संस्था, समुह तथा व्यक्तिहरुबाट आर्थिक सहयोग माग भएको हुँदा उक्त माग निवेदन अनुसार कार्यक्रमको उद्देश्य, आवश्यकता र औचित्यतालाई मध्येनजर गर्दै यस नगरपालिकाको कार्यक्रम खर्च शीर्षकबाट तपसिल अनुसारको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय सर्वसम्मतवाट पारित गरियो।

| क्र.सं. | माग गर्ने व्यक्ति समुह | चौ. न. पा. बाट निर्णय भएको रकम | भुक्तानी गर्ने शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | चौ न पा ७ बस्ने सुर्य वहादुर सार्की छोरा मिन बहादुर नेपालीको काजक्रिया खर्च | १५०००। | विपन्न नागरिक काजक्रिया खर्च | |
| २ | सृजना फुटवल क्लव चौ न पा ५ | २००००।- | कार्यक्रम खर्च | |
| ३ | राष्ट्रिय युवा संघ नेपाल उदयपुर | २५०००। | कार्यक्रम खर्च | |
| ४ | राष्ट्रिय युवा संघ नेपाल, प्रदेश कमिटी, उदयपुर | १००००।- | कार्यक्रम खर्च | |
| ५ | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन, | १००००।- | कार्यक्रम खर्च | |
| ६ | स्टार वडी फिटनेश क्लव एण्ड जिम, उदयपुर | १५०००।- | कार्यक्रम खर्च | |
| ७ | उदयपुर जिल्ला स्ट्रन्थलिफिट्ङ संघ, उदयपुर | १००००।- | कार्यक्रम खर्च | |
| ८ | मेनुका खड्का/ जस बहासुर मगर | १५०००।- | विपन्न नागरिक संरक्षण सहायता | मानव सेवा आश्रम |
| ९ | बेल्टार एकता युवा क्लव दिप्सन मगर स्मृती फुटवल प्रतियोगिता | ५५०००।- | कार्यक्रम खर्च | फुटवल प्रतियोगिता |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १० | दुवारहाङ दुहारहाङमा युवा समूह, बेल्टार | ३२०००।- | कार्यक्रम खर्च | फुटवल प्रतियोगिता |
| ११ | भेटघाट क्लव, त्रि. न. पा.-८ चुहाडे, उदयपुर | २५०००।- | कार्यक्रम खर्च | |
| १२ | न्यू स्टार डान्स स्टुडियो, बेल्टार | २५०००।- | कार्यक्रम खर्च | |
| १३ | चौ. न. पा -७ बस्ने कर्ण बहादुर बुढाथोकी | १००००।- | विपन्न नागरिक संरक्षण सहायता | |
| १४ | चौ. न. पा. २ बस्ने लोक बहादुर खड्का | २००००।- | विपन्न नागरिक संरक्षण सहायता | |
| १५ | सोमनाथ भण्डारी चौ. न. पा वडा नं. २ | १५०००।- | विपन्न नागरिक संरक्षण सहायता | |

६. यस नगरपालिकाभित्र कार्यक्षेत्र रही नगरवासीको सुरक्षामा समेत खटिने सुरक्षाकर्मी नेपाल प्रहरी र सशस्त्र प्रहरी वल नेपालका स्थानीय कार्यालयहरुबाट मासिक रुपमा ईन्धन माग भई आउने गरेको र यस्ता मागको आधारमा विगत वर्षहरुमा कार्यपालिकाबाट निर्णय गरी मासिक ईन्धन उपलब्ध गराउने गरिएको अभ्यासको आधारमा चालु आर्थिक वर्ष २०८०।८१ मा पनि औपचारिक पत्रसहित ईन्धन माग भई आएको छ। नगरपालिकाको स्वामित्वमा रहेको र नगरपालिकाको अभिलेखमा रहेका सवारी साधन वाहेक अन्य निकायका सवारी साधनलाई नगरको स्रोत वितरण गर्नु गैर कानूनी हुन्छ। स्थानीय स्तरमा नियम, कार्यविधि, मापदण्ड लगायतको कानूनी प्रवन्ध नगर कार्यपालिकाले बनाउन सक्ने हुन्छ। चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि अर्थ मन्त्रालयबाट जारी भएको २०८० साउन महिनाको बजेट कार्यान्वयन सम्बन्धी परिपत्रमा समेत ईन्धन खर्चमा मितव्ययीता अपनाउने विषय

CamScanner

उल्लेख छ। गत आर्थिक वर्षमा संघीय तथा प्रदेश सरकारबाट आउने स्रोतहरुमा संकुचन आयो र नगरपालिकाको स्थानीय स्रोत संकलन समेत लक्ष्य अनुसार असुली गर्न सकिएन जसले गर्दा गत आर्थिक वर्षको दायित्व भुक्तानी गर्न सकिएन र यस वर्षमा दायित्व सर्न आउँदा थप चाप पर्न आयो। अर्को तर्फ जुन सुरक्षा निकायहरुको मजकुर कार्यालयले सवारी साधन उपलब्ध गराएको हुन्छ उसैले आवश्यक ईन्धनको प्रवन्ध गर्नुपर्ने हुन्छ। यसरी ईन्धन उपलब्ध गराउँदा कहिले काँही कामको चापले ईन्धन नपुग हुँदा सहयोग माग्नु स्वभाविक पनि हुन्छ। संघीय सरकारको सहसचिव दर्जाको कर्मचारीले मासिक रुपमा ७५ लिटर पेट्रोल पाउने कानूनी व्यवस्था छ। ती सुरक्षा निकायहरुमा नेपाल सरकारको शाखा अधिकृत सरहको कार्यालय प्रमुख रहने व्यवस्था छ। संघीय सरकारले कार्यालय प्रमुख बाहेक अन्य सो सरहको कर्मचारीलाई सवारी साधन र ईन्धनको सुविधा दिने गरेको छैन। शाखा अधिकृत कार्यालय प्रमुख भएको कार्यालयमा वार्षिक रुपमा ईन्धन खर्चमा जति विनियोजन भएको छ सोही बजेटले पुऱ्याउनु पर्ने हुन्छ। यस शिर्षकमा प्राय थप बजेट निकासा उपलब्ध हुने गरेको छैन। स्थानीय सुरक्षा निकायले मासिक रुपमा कोटा नै तोकेर ईन्धनको माग गर्नु स्वभाविक होईन। ।माथि उल्लिखित दुवै अवस्थाहरुलाई विचार गरी नगरपालिका क्षेत्रभित्रका निम्न सुरक्षा निकायलाई तपशिलमा उल्लेखित ईन्धन उपलब्ध गराउने निर्णय सर्वसम्मतवाट पारित गरियो।

| सुरक्षा निकायको नाम ठेगाना | मासिक ईन्धन पेट्रोल | मासिक ईन्धन डिजेल | कैफियत |
|---|---|---|---|
| ईलाका प्रहरी कार्यालय, बेल्टार | ३५ | ५० | लिटर |
| सशस्त्र प्रहरी वल नेपाल, बेल्टार | ३० | ३० | लिटर |
| ईलाका प्रहरी कार्यालय, सुन्दरपुर | १० | - | लिटर |
| प्रहरी चौकी हडिया | १० | - | लिटर |
| प्रहरी चौकी बसाहा | १० | - | लिटर |

७. सुख्खायाम शुरु भए सँगै नेपाल वद्युत प्राधिकरणले लामो लोडसेडिङ्ग गर्ने साथै अन्य समयमा समेत विविध कारणले निरन्तर रुपमा विद्युत लाईन नआउने गरेकोले यस नगरपालिका कार्यालयको नियमित कार्य सञ्चालनको लागि जेनेरेटर राखिएकोमा सोमा लाग्ने डिजेल लगाएतको खर्च धेरै हुने साथै लाईन जाँदा अटोमेटीक रुपमा करेन्ट प्रवाह नभई कार्य सम्पादनमा अवरोध हुने गरेकोले जेनेरेटर सञ्चालनमा हुने खर्चको समेत मितव्ययिता हुनुको साथै सेवा प्रवाहलाई अविच्छिन्न रुपमा सम्पादन गर्न सजह हुने गरी यस नगरपालिका कार्यालयमा सोलार व्याकप सिस्टम जडान गर्न आवश्यक देखिएकोले यस नगरपालिकालाई चालु आ. व. २०८०/०८१ मा वैकल्पिक उर्जा प्रर्वद्दन केन्द्रबाट रु. ८०००००। प्राप्त भएको र नगरपालिकाले सोही शिर्षकमा जोड कोषको लागि विनियोजन गरेको रकम समेतबाट खर्च गर्ने गरी नगरपालिका कार्यालयमा सोलार व्याकअप सिष्टम जडान गर्न आवश्यक प्रक्रिया बढाउन उपयुक्त हुन्छ । जसले गर्दा ईन्धन खपतको खर्चमा कमी उने र सेवा प्रवाहमा समेत निरन्तरता र

सहजता हुने हुँदा नगरपालिका भवनमा माथि उल्लेख भए अनुसारको विनियोजित वजेटबाट सोलार ब्याकअप सिस्टम जडान गर्ने आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

८. यस नगरपालिकाको विभिन्न वडाहरुले आफ्नो वडामा बस्ने विपन्न नागरिकहरुको स्वास्थ्य उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराई दिनुहुन भनि सिफारिस गरी पठाएको सन्दर्भमा यस नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८०।०६।१७ निर्णय र यस नगरपालिकाको स्वास्थ्य राहत कोष कार्यविधि, २०७६ बमोजिम स्वास्थय उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने देखिएका विपन्न नागरिकहरुलाई गत आ.व.०७९/०८० मा बजेट श्रोत अभावका कारण सहायता उपलब्ध गराउन नसकिएकोमा हाल तपसिल बमोजिमको औषाधी उपचार आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

| क.स. | नाम थर | ठेगाना | वडा नं. | रोगको किसिम | आर्थिक सहयोग रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सई कुमार राई | चौदण्डीगढी | ४ | आखाको समस्या | १०००० | |
| २ | पन्ना कुमारी राई | चौदण्डीगढी | ३ | क्यान्सर | २००००। | |
| ३ | लक्ष बहादुर थापा | चौदण्डीगढी | ९ | फोक्सो रोग | १०००० | |
| ४ | हरि प्रसाद दुलाल | चौदण्डीगढी | १० | मुटु रोग | १५००० | |
| ५ | सन्सरमान राई | चौदण्डीगढी | ७ | फोक्सो रोग | १०००० | |
| ६ | नवराज बिष्ट | चौदण्डीगढी | ८ | ढाडको हड्डीको समस्या | १०००० | |
| ७ | शान्ता कुमारी परियार | चौदण्डीगढी | ७ | दिमागको इक्युट इनफेक्शन | १०००० | |
| ८ | तेजसिंह चौधरी | चौदण्डीगढी | ५ | नशा सम्बन्धी | १०००० | |
| ९ | मैया राई | चौदण्डीगढी | ७ | आगोले आगोले पोलेको | १०००० | |
| १० | डम्वर कुमारी महतरा | चौदण्डीगढी | ९ | मृगौलाको पथरी | १०००० | |
| ११ | घुरन सदा | चौदण्डीगढी | २ | सिजर डिसअर्डर | १०००० | |
| १२ | टेक वहादुर पौडेल | चौदण्डीगढी | ४ | प्रोस्टेट | १०००० | |
| १३ | मनु राई | चौदण्डीगढी | ७ | कडा मासिक रोग | १०००० | |
| १४ | रेविका राई | चौदण्डीगढी | १० | ओट चिरिएको | ९००० | |
| १५ | प्रताप खत्री | चौदण्डीगढी | ७ | मृगौलाको पथरी | १०००० | |
| १६ | कृष्ण कुमारी श्रेस्ठ | चौदण्डीगढी | ३ | आँखाको समस्या | ९००० | |
| १७ | सुमित्रादेवी चौधरी | चौदण्डीगढी | १० | मस्तिकघात | १०००० | |
| १८ | कर्ण कुमारी खडका | चौदण्डीगढी | ७ | आखा केराटो मलेसिया | ९००० | |
| १९ | कृष्ण बहादुर मगर | चौदण्डीगढी | ७ | देब्रे खुट्टाको इन्गुइनल एबसेस | ९००० | |
| २० | टिकामाया खत्री | चौदण्डीगढी | २ | आँखाको बीरामी | ९००० | |
| २१ | ठगनी देवी चौधरी | चौदण्डीगढी | ९ | फोक्सो क्यान्सर | २०००० | |
| २२ | भविन नेपाली | चौदण्डीगढी | २ | देब्रे टाउको खटिरा | ५००० | |
| २३ | राना बहादु भन्ने रण वहादुर तामाङ्ग | चौदण्डीगढी | ४ | क्यान्सर | २०००० | |
| २४ | केशु राई | चौदण्डीगढी | ४ | सिस्टेमिक लुपस इरिथोमेटस | १०००० | |
| २५ | देवीमाया कार्की | चौदण्डीगढी | ६ | मेरुदण्डको हडि भाचिएको | २०००० | |
| २६ | उजरु चौधरी | चौदण्डीगढी | ५ | टाउको सम्बन्धि रोग | १०००० | |

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७ | रमेश राई | चौदण्डीगढी | २ | मुटुको रोग | २०००० | |
| २८ | करुण राई | चौदण्डीगढी | ४ | मानसिक रोग | १०००० | |
| २९ | प्रेम कुमारी राई | चौदण्डीगढी | ४ | मृगौला रोग | २०००० | |
| ३० | सुम्निमा राई | चौदण्डीगढी | ६ | मुटुको रोग | २०००० | |
| ३१ | शंकर कुमार परियार | चौदण्डीगढी | १० | इमिनो कम्प्लेक्स रोग | १०००० | |
| ३२ | लोकमाया बस्नेत | चौदण्डीगढी | १ | उचरक्त चाँप | ७००० | |
| ३३ | समिता भट्टराई | चौदण्डीगढी | १० | मृगौला रोग | २०००० | |
| ३४ | पवित्रादेवी दनुवार | चौदण्डीगढी | १० | मानसिक रोगी | ७००० | |
| ३५ | दुर्गा बहादुर थापा | चौदण्डीगढी | ४ | क्यान्सर | २०००० | |
| ३६ | डिक बहादुर वि.क. | चौदण्डीगढी | ३ | एपेन्डीसाइटिस | ९००० | |
| ३७ | सनिस श्रेष्ठ | चौदण्डीगढी | ६ | आन्द्राको रोग | ७००० | |
| ३८ | विष्णुमाया खडका | चौदण्डीगढी | ७ | मुटुको रोग | २०००० | |
| ३९ | दुर्गा माया सार्की | चौदण्डीगढी | ९ | पेटमा पानी भरिएको | १०००० | |
| ४० | धन बहादुर कार्की | चौदण्डीगढी | ९ | मुटु रोग | २०००० | |
| ४१ | राजन गिरी | चौदण्डीगढी | ७ | हेपाटाइटिस | ८००० | |
| ४२ | विन्तीलाल चौधरी | चौदण्डीगढी | ५ | दमको रोगी | १०००० | |
| ४३ | जाकिर मिया | चौदण्डीगढी | ५ | थाइराइड | ८००० | |
| ४४ | मेनुका कटुवाल | चौदण्डीगढी | ४ | पिसाव सम्बन्धी | ५००० | |
| ४५ | लाल बहादुर कामी | चौदण्डीगढी | १ | प्रास्टेटको रोग | ८००० | |
| ४६ | जोगेस राई | चौदण्डीगढी | २ | मुटु रोग | २०००० | |
| ४७ | हिमादेवी भुजेल | चौदण्डीगढी | ५ | उच्चरक्तचाप | ७००० | |
| ४८ | सानी कुमारी तामाङ्ग | चौदण्डीगढी | ३ | पाठेघरको क्यान्सर | २०००० | |
| ४९ | कृषण वहादुर खत्री | चौदण्डीगढी | ६ | हर्निया | ८००० | |
| ५० | पुरण प्रसाद मिरदाह | चौदण्डीगढी | ९ | दमको रोग | १०००० | |
| ५१ | नैन कुमारी राई | चौदण्डीगढी | ३ | मुखको क्यानसर | २०००० | |
| ५२ | रुक्मणि चौधरी | चौदण्डीगढी | १० | छारे रोग | १०००० | |
| ५३ | गोविन्द कटुवाल | चौदण्डीगढी | ९ | देब्रे पटिको हर्निया | ७००० | |
| ५४ | राजन कुमार श्रेष्ठ | चौदण्डीगढी | ७ | निमोनिया | ७००० | |
| ५५ | तालावती चौधरी | चौदण्डीगढी | १० | सिओपिडी | १०००० | |
| ५६ | भोलाइ सदा | चौदण्डीगढी | ५ | सिओपिडी | १०००० | |
| ५७ | सिवलक्षी राई | चौदण्डीगढी | ३ | मृगौला रोग | २०००० | |
| ५८ | जानिदेवी चौधरी | चौदण्डीगढी | ५ | आखा सम्वन्धि रोग | ७००० | |
| ५९ | फूलमाया कमिती | चौदण्डीगढी | २ | हेपाटाइटिस | १०००० | |
| ६० | काली सदा | चौदण्डीगढी | २ | पिआइडी | ५००० | |
| ६१ | दिल्ली वहादुर वि.क. | चौदण्डीगढी | ७ | पेरिफेरल भास्कुलर रोग | १०००० | |
| ६२ | नवराज पौडेल | चौदण्डीगढी | १० | ब्रेन टियुमर | २०००० | |
| ६३ | शुभसिंह तामाङ्ग | चौदण्डीगढी | २ | मृगौला रोग | २०००० | |
| ६४ | प्रतिमा दाहाल | चौदण्डीगढी | २ | मुटु रोगड | २०००० | |
| ६५ | राजेश चौधरी | चौदण्डीगढी | १० | इस्पाइनल इन्जुरी | २५००० | |
| ६६ | केशव वहादुर खत्री | चौदण्डीगढी | ९ | हाइडोसेफालस | १०००० | |
| ६७ | रमानन्द चौधरी | चौदण्डीगढी | ९ | मुटु रोग | २०००० | |
| ६८ | दिलकुमारी राई | चौदण्डीगढी | ८ | ग्यास्टिक अल्सर | ५००० | |
| ६९ | श्रदा राई | चौदण्डीगढी | ३ | मगौला रोग | २०००० | |
| ७० | विनोद कटुवाल | चौदण्डीगढी | २ | हेड इन्जुरी | २०००० | |
| ७१ | रमिता खडका | चौदण्डीगढी | ६ | हाइपोटोफी | ९००० | |

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७२ | विवेक परियार | चौदण्डीगढी | ९ | मुगौला रोग | २०००० | |
| ७३ | विरेन्द्रसिंह प्रसाद चौधरी | चौदण्डीगढी | ९ | पार्किन्शन | १०००० | |
| ७४ | सुमित्रा राई | चौदण्डीगढी | ३ | मुटु रोग | २०००० | |
| ७५ | भुटन सदा | चौदण्डीगढी | १० | हेड इन्जुरी | २०००० | |
| | | | | जम्मा रु | ९५४००० | |

९. सबै कार्यालयहरुले आफ्नो बजेट तथा कार्यक्रमहरु सञ्चालन गर्दा लैङ्गिक समानता र समावेशीकरणलाई प्राथमिकता दिएर कार्यान्वयन गर्नु पर्ने व्यवस्था रहेको छ । यस नगरपालिकाले गत आर्थिक वर्षबाट बार्षिक रुपमा सञ्चालन गरेका योजना तथा कार्यक्रमहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने गरेको छ। यस नगरपालिकाको गत आर्थिक वर्ष २०७९/०८० मा सञ्चालन भएको वार्षिक बजेट तथा कार्यक्रमको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण चालु आर्थिक वर्षको पहिलो चौमासिक अवधिभित्र सम्पन्न गरिसक्नु पर्ने भएकोले २०८० कार्तिक २२ गते बुधवार नगरसभाहलमा उक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय सर्वसम्मत निर्णय गरियो।

१०. यस चौदण्डीगढी नगरपालिकाको दीर्घकालिन कृषि रणनीतिक योजना निर्माण गर्ने कार्यको लागि यस नगरपालिका कार्यालय र ग्रामिण उद्यम तथा विप्रेषण आयोजना "समृद्धि" वीच भएको द्धिपक्षीय सम्झौता अनुसार उक्त समृद्धि आयोजनाले यस नगरपालिकाको ५ वर्षे कृषि रणनितिक योजना तयार गरी पेश गरेको हुँदा उक्त रणनीतिक योजना स्वीकृत गर्ने निर्णय सर्वसम्मत निर्णय गरियो ।

११. विविध

क. नगरपालिकाको शववाहनमा खटिने कर्मचारीको अतिरिक्त भत्ता उपलब्ध गराउने ।

- यस नगरपालिकामा रहेको शववाहनले यस नगरपालिका क्षेत्रमा भेटिने वेवारिसे लास लगाएत विभिन्न प्रकारका लासहरु बोक्ने, उठाउने जस्ता कार्यहरु गर्नुपर्ने हुन्छ। कतिपय अवस्थामा सडेगलेका लासहरु समेत बोक्नु पर्ने तथा लामो दुरीवाट समेत लासहरु बोक्नु पर्ने भएकोले त्यस्ता वेवारिसे लास तथा लामो दुरीवाट लास बोक्दा शववाहनको चालक र चालकसँग जाने कर्मचारी (अवस्था अनुसार संख्या फरक हुने) लाई प्रति लास रु ५००।- का दरले अतिरिक्त भत्ता यस नगरपालिकाको स्वीकृत कार्यक्रमको अन्य भत्ता शिर्षकबाट विगत वर्षहरुमा उपलव्ध गराउने गरिएकोमा स्रोत अभावका कारण चालु वर्षमा यस किसिमको सुविधा दिन सकिएको छैन । सम्बन्धित काममा खटिएका कर्मचारीहरुवाट यस किसिमको सुविधा माग भई आएको छ । शवबाहन चालक तेज वहादुर खड्काले गत आ. व. मा विभिन्न स्थानवाट बोकेका ५० वटा लासहरुको विवरण सहितको भत्ता माग गरेको हुँदा निज चालक र निज सँग खटिएका अन्य कर्मचारी समेतको लागि नगरपालिका वाहिर लास लिएर जानुपर्ने वा नगरपालिका वाहिर बाट लास ल्याउनु पर्ने कार्यको लागि प्रति लास

चालकलाई रु. १०००। र सहयोगीलाई रु. ५००।— को दरले साथै दुई वा दुई भन्दा बढी सहयोगी भएको खण्डमा अधिकतम रु १००० मा नबढ्ने गरी जम्मा ५००००।- अन्य भत्ता शिर्षकबाट एकमुष्ठ उपलब्ध गराउने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

ख. हात्तिको क्षति, चटयाङ र आगलागी पिडितलाई राहत उपलब्ध गराउने ।

- विभिन्न मितिमा यस नगरपालिका विभिन्न वडाहरुमा भएका विपद्जन्य घटनाहरुबाट पिडित व्यक्तिहरुलाई राहत उपलब्ध गराउने व्वस्थाको लागि सम्बन्धित वडा कार्यालहरुबाट सिफारिस भई आएको हुँदा वडाको सिफारिस तथा प्रहरी सर्जमिन मुचुल्का लगाएत पिडितको आर्थिक अवस्था समेतको आधारमा विपद् प्रभावितहरुलाई राहतस्वरुप तपसिल बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

तपसिलः-

| क्र. सं. | माग गर्ने व्यक्ति / समुह | क्षतिको प्रकार | निर्णय रकम | भुक्तानी शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | नर बहादुर भुझेल चौ. न. पा वडा नं. ५ | हात्तिको क्षति | ५०००।- | विपद व्यवस्थापन भैपरि तथा तारजाली | |
| २ | अर्जुन वि. क. चौ. न. पा वडा नं. ४ | आगोलागी | २५०००।- | विपद व्यवस्थापन भैपरि तथा तारजाली | |
| ३ | सरनीमाया राई चौ. न. पा वडा नं. ५ | आगोलागी | १५००००।- | विपद व्यवस्थापन भैपरि तथा तारजाली | |
| ४ | कुलवीरमान राई चौ. न. पा वडा नं. ८ | आगोलागी | २०००००।- | विपद व्यवस्थापन भैपरि तथा तारजाली | |
| ५ | खम्बराज श्रेष्ठ चौ. न. पा वडा नं. ४ | चट्याङ | ३००००।- | विपद व्यवस्थापन भैपरि तथा तारजाली | |
| ६ | धुव्र खत्री चौ. न. पा. १० | आगोलागी | २०,०००।- | विपद व्यवस्थापन भैपरि तथा तारजाली | |
| ७ | उर्मिला सुबेदी चौ.न. पा. ४ | आगोलागी | १०००००।- | विपद व्यवस्थापन भैपरि तथा तारजाली | |

CamScanner

ग) जितिया लगायतका पर्व तथा पुजा खर्च उपलब्ध गराउने ।

- यस नगरपालिकाको विभिन्न वडाहरुबाट राष्ट्रिय तथा स्थानीय स्तरमा मनाउने चाडपर्व तथा संस्कार, संस्कृति र परम्परा अनुसार मनाउने सांस्कृतिक पर्वहरु मनाउने प्रयोजनको लागि आर्थिक सहयोग माग भई आएको हुँदा तपिसल अनुसारको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

तपसिल:-

| क्र.सं . | माग गर्ने व्यक्ति/ समूह | निर्णय रकम | भुक्तानी गर्ने शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | राधाकृष्ण कृतन मण्डली चौ. न. पा. १० | ३००००।- | भजन कृतन समूहलाई सामाग्री खरिद | |
| २ | बसाहा शिवालय मन्दिर महिला तिज विशेष समिति चौ. न. पा. -४ | २५०००।- | जातिय चाडबाड प्रबर्द्दन कार्यक्रम | |
| ३ | चौधरी टोल विकास संस्था चौ न पा ४ | १५०००।- | जातिय चाडबाड प्रबर्द्दन कार्यक्रम | जितिया कार्यक्रम |
| ४ | दुर्गा भजन कृतन मण्डली हडिया वडा नं १० | १५०००।- | भजन कृतन समूहलाई सामाग्री खरिद | |
| ५ | सुखसागर भजन कृतन समूह चौ. न. पा. वडा नं. १० | २००००।- | भजन कृतन समूहलाई सामाग्री खरिद | |
| ६ | ओमशान्ती कृतन मण्डली चौ. न.पा. वडा नं १० | १००००।- | भजन कृतन समूहलाई सामाग्री खरिद | |
| ७ | नेवाः देय् दबू नगर समिति चौ. न. पा | २००००।- | जातिय चाडबाड प्रबर्द्दन कार्यक्रम | नेपाल सांस्कृतिक कला मन्दिर मच्छेगाँउ जाने |
| ८ | शुशिला कुमारी चौधरी वडा नं. १० देवधार | १५०००।- | जातिय चाडबाड प्रबर्द्दन कार्यक्रम | जितिया पर्व |
| ९ | खैराहा शिवशक्ति टोल र शुकृत टोल वडा नं १० | १००००।- | जातिय चाडबाड प्रबर्द्दन कार्यक्रम | जितिया पर्व |

घ) वडा न ५ ९ र १० मा स्थानीय नागरिकको उपचारमा चिकित्सक पठाउने।

- आधारभूत नगर अस्पतालमा हाल २ जना चिकित्सक (MBBS) उपलब्ध रहनु भएकोले महिनामा एक पटक त्रियुगा खोला पारी रहेका वडाहरु ५ ९ र १० मा चिकित्सक पठाउने सर्वसम्मत निर्णय गरियो।

CamScanner

ङ) आधारभुत नगर अस्पतालको वार्षिक बजेट स्वीकृती र अनुमोदन सम्बन्धमा।

- चौदण्डीगढी नगरपालिका आधारभूत नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८० बमोजिम आधारभूत नगरअस्पलात संचालन तथा व्यवस्थापनलाई वार्षिक बजेट मार्फत व्यवस्थित, पारदर्शी र सहज, बनाउने प्रयोजनका लागि आ.व.२०८०।८१ बार्षिक बजेटको अनुमानित आय व्यय विवरण तपसिल बमोजिम स्वीकृती गर्ने निर्णय गरियो ।

| सि. न. | आयतर्फ | रकम | व्ययतर्फ | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ओ.पी.डी. | १४३६७० | कर्मचारी तलब (पारिश्रमिक) | ५०११८०० | |
| २ | आकमिक सेवा | २०००० | ल्याब केमिकल खर्च | ५००००० | |
| ३ | ल्याब | ३८०००० | पुर्जा छपाई,स्टेशनरी र मसलन्द सामाग्री | ४५०००० | |
| ४ | भिडियो एक्सरे,एक्सरे | ५८८६३० | संचार महसुल | ५०००० | |
| ५ | ई.सी.जी. | ५००० | ईन्धन | ५०००० | |
| ६ | ड्रेसिङ्ग, माइनर ओ.टी. | २०००० | बिधुत महसुल | ३००००० | |
| ७ | जन्मदर्ता | १५००० | X-Ray फिल्म | ४००००० | |
| ८ | पुलिस केश | ५००० | सेवा प्रदायक कर्मचारीहरुको अतिरिक्त भत्ता (OT) | २०००००० | |
| ९ | अक्सीजन,नेबुलाइजेशन | १९५०० | सरसफाई | १५०००० | |
| १० | फार्मेसी सटरभाडा | ६५००००० | विविध | २०००० | |
| ११ | सुरक्षित मातृत्व कार्यक्रम | ८००००० | मेशिनरी औजार उपकरण खरिद | ९७५००० | |
| १२ | बिमा बोर्डबाट प्राप्त हुने रकम | ४००००००० | निशुल्क बीमा औषधी वापतको भुक्तानी | ३७५००००० | |
| १३ | अन्य | ५०००० | मसलन्द तथा कार्यालय सामाग्री | १५०००० | |
| १४ | | | अत्याबश्यक औषधी खरिद | ९९०००० | |
| १५ | | | | | |
| | जम्मा | ४८५४६८०० | | ४८५४६८०० | |

चौदण्डीगढी नगरपालिका आधारभुत नगर अस्पताल संचालन तथा व्यवस्थापन समितिको आ. व. २०८०/०८१ वार्षिक बजेटको अनुमानित आय विवरण स्वीकृत गरिएकोमा नगरकार्यपालिकामा बजेट स्वीकृत र अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

च) आधारभुत नगर अस्पतालमा कार्यरत कर्मचारीहरुलाई पारिश्रमिक भुक्तानी गर्ने सम्वन्धमा ।

आधारभुत नगर अस्पतालमा कार्यरत कर्मचारीहरुलाई अस्पताल व्यवस्थापन समितिको निर्णय अनुसार तथा नगर कार्यपालिकाबाट अनुमोदित आय व्यय विवरण अनुसार करार संझौता वमोजिमको पारिश्रमिक भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

छ) वडा न ४ बसाहमा बंगुर अनुसन्धान केन्द्र स्थापना गर्ने ।

- यसै नगरपालिकाको वडा न बसाहमा बंगुर अनुसन्धान केन्द्र स्थापनाको लागि नेपाल कृषि अनुसन्धान परिषद् खुमलटारसँग आवश्यक प्रक्रिया अगाडि वढाइने सर्वसम्मत निर्णय गरियो।

ज) हडिया वजार फोहोर मैला सरसफाई व्यवस्थापन सम्बन्धमा ।

- हडिया वजार फोहोर मैला सरसफाई व्यवस्थापन कार्यक्रम नियमित रुपमा साप्ताहिक रुपमा हुदै आएको र यस नगरपालिकाबाट उक्त कार्य गरे वापत वार्षिक रुपमा रु.१०००००।- उपलब्ध गराउने र उक्त रकमको भुक्तानी चालु आ. व. मा विनियोजित वजेट शिर्षक कार्यक्रम खर्च वाट दिने सर्वसम्मत निर्णय गरियो।

झ) २०७९ सालमा माध्यामिक शिक्षा परिक्षा (SEE) मा उत्कृष्ट जि. पि. ए. ल्याउने विद्यार्थीलाई पुरस्कार रकम भुक्तानी सम्वन्धमा।

- २०७९ सालमा माध्यामिक शिक्षा परिक्षा (SEE) मा उत्कृष्ट जि. पि. ए. ल्याउने विद्यार्थीलाई पुरस्कार वितरण कार्यक्रम गर्न रु. ५००००।- रकम उपलब्ध गराउने र उक्त रकमको भुक्तानी चालु आ. व. मा विनियोजित वजेट शिर्षक कार्यक्रम खर्च बाट दिने सर्वसम्मत निर्णय गरियो।

ञ) ILR Refrigerator को भुक्तानि सम्वन्धमा ।

- चौदण्डीगढी नगरपालिकाले गत आ. व. मा ILR Refrigerator दुई थान खरिद गरेको र १ थानको भुक्तानी बाँकी रहेकोमा आ. व. २०७९/०८० को बाँकी दायित्व भुक्तानी म. ले. प. फा. नं.२२१ औषधी खरिद बमोजिम ILR Refrigerator खरिदको लागि

नगरसभाबाट विनियोजित बजेट शिर्षकलाई "मेसिनरी सामाग्री ILR Refrigerator खरिद" कायम गरी औषधी खरिद आ. व. २०७९/०८० को बाँकी दायित्व भुक्तानी म. ले. प. फा. नं.२२१ को भुक्तानी गर्न सर्वसम्मत निर्णय गरियो।

ट) बजार व्यवस्थापनको लागि विनियोजित बजेटको कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।

- यस वर्षका लागि बजार व्यवस्थापन कार्यक्रमका लागि विनियोजित बजेटलाई बजार व्यवस्थापन समितिबाट प्रस्ताव भए अनुसार तपसिल अनुसार बाँडफाँड गरी सोही अनुसार कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

| क. स. | प्रस्तावित योजनाको नाम | प्रस्तावित बजेट | कैफियत |
|---|---|---|---|
| १. | हडिया, विरेन्द्रबजार, शनिवारे बजार क्षेत्र वृक्षारोपण कार्यक्रम | ६०००००.०० | वडा नं.४, ८, १० |
| २. | बेल्टार बजार फुटपाथ निर्माण तथा ढल सुधार योजना | ३००००००.०० | वडा नं. ७ |
| ३. | शिवाई बजार इन्टरलक इटा व्यवस्थापन योजना | ६०००००.०० | वडा नं. ५ |
| ४. | शनिवारे बजार इन्टरलक इटा तथा हाट व्यवस्थापन योजना | १४०००००.०० | वडा नं. ४ |
| ५. | भोर्लेनी हाट टहरा निर्माण योजना | ४०००००.०० | वडा नं. ३ |
| ६. | वेलपार्क मर्मत तथा व्यवस्थापन योजना | ५०००००.०० | वडा नं. ६ |
| ७. | हडिया वजार ढल सुधार योजना | ५०००००.०० | वडा नं. १० |
| | जम्मा | ७००००००.०० | |

ठ) त्रियुगा नदीमा होम पाईप लगाई बाटो ग्राभेल सम्बन्धमा ।

त्रियुगा नदीमा ३ वटा वडा रहेको र सो वडाका बासिन्दाहरुलाई नगरपालिका केन्द्र बेल्टार आवत जावत गर्न सहजताको लागि वर्षा समय पश्चात तपशिलको स्थानमा त्रियुगा खोलामा होम पाईप लगाई अस्थायी बाटो ग्राभेल गर्ने गराउने र लागत अनुमान र कार्य सम्पन्न लागत अनुसार विपद व्यवस्थापन भैपरी तथा तारजाली शिर्षकबाट तपशिल बमोजिमको रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

तपशिल:

१. त्रियुगा खोलामा अस्थायी बाटो निर्माण वडा नं.- ९ ज्यामिरे-हडिया —रु. ४०००००।-

२. त्रियुगा नदीमा अस्थायी बाटो निर्माण वडा नं.- ५ सिवाही-वेल्हा -- रु. ४०००००।-

CamScanner